# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

**खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, फागुन १३ गते, २०८१ साल (संख्या १९**

## भाग-२

## प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेशको

## <u>सूचना</u>

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ बमोजिम प्रदेश लोक सेवा आयोगको मिति २०८१।११।१३ को निर्णयबाट स्वीकृत तल लेखिए बमोजिमको प्रदेश लोक सेवा आयोग (तेस्रो संशोधन) नियमावली, २०८१ सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>प्रदेश लोक सेवा आयोग (तेस्रो संशोधन) नियमावली, २०८१</u>**

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यी नियमहरुको नाम "प्रदेश लोक सेवा आयोग (तेस्रो संशोधन) नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>कर्णाली प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को नियम ५ मा संशोधनः</u>** कर्णाली प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ (यस पछि मूल नियमावली भनिएको) को नियम ५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) **<u>पाठ्यक्रम निर्धारण समितिः</u>** (१) आयोगले लिने परीक्षाको पाठ्यक्रम निर्माण वा परिमार्जन गर्न देहाय बमोजिमको पाठ्यक्रम निर्धारण समिति रहनेछः-

(क) आयोगले तोकेको आयोगको सदस्य -संयोजक

(ख) आयोगको सचिव -सदस्य

(ग) सम्बन्धित महाशाखा प्रमुख -सदस्य

(घ) संयोजकले तोकेको सम्बन्धित विषयको दक्ष, विज्ञ वा विशेषज्ञ -सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख-सदस्य-सचिव"

(२) मूल नियमावलीको नियम ५ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) पाठ्यक्रम निर्माण प्रक्रिया निर्देशिकामा तोकिए बमोजिम हुनेछ।"

३. **<u>मूल नियमावलीको नियम ६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः-

"६. **<u>परीक्षण विधिः</u>** (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको

सेवाको पदमा पदपूर्तिको लागि आयोगले लिने परीक्षालाई वैज्ञानिक, वस्तुनिष्ठ र व्यवहारिक बनाउन आयोगले सम्बन्धित पदको पदीय जिम्मेवारी, कार्यविवरण समेतलाई आधार लिई आवश्यकता अनुसार छुट्टा-छुट्टै परीक्षण विधि बनाई लागू गर्न सक्नेछ ।

(२) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा पदपूर्तिका लागि आयोगले लिने परीक्षा, उत्तरपुस्तिका परीक्षण गर्ने तरिका र मूल्याङ्कन विधि आयोगले निर्धारण गरेको आधार तथा मापदण्ड बमोजिम हुनेछ।

(३) प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाका पदमा पदपूर्तिको लागि आयोगले लिने लिखित परीक्षा, उत्तरपुस्तिका परीक्षण गर्ने तरिका र मूल्याङ्कन विधि त्यस्तो सेवा र संस्थाको कार्य प्रकृति र कार्य विशिष्टीकरणका आधारमा समान वा छुट्टा-छुट्टै रुपमा लागू हुने गरी आयोगले निर्धारण गर्न सक्नेछ।"

४. **मूल नियमावलीको नियम ७ मा संशोधनः** मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः-

"७. **विज्ञापन प्रकाशनः** (१) ऐनको दफा १९ बमोजिम पदपूर्तिका लागि आयोगले लिने परीक्षाको विज्ञापन प्रकाशन गर्दा विद्युतीय माध्यमबाट दरखास्त पेश गर्नुपर्ने भए सो सम्बन्धी विवरण र तरिका उल्लेख गर्नु पर्नेछ।

(२) ऐनको दफा १९ बमोजिम विज्ञापन प्रकाशन गर्दा कुनै पदको पाठ्यक्रम निर्माण नभएको भए पाठ्यक्रम

निर्माण भएपछि परीक्षा कार्यक्रम प्रकाशन गर्ने गरी विज्ञापन प्रकाशन गरिनेछ।

(३) उम्मेदवारले दरखास्त फाराम पेश गर्दा विद्युतीय माध्यमबाट पेश गर्न सक्ने गरी आयोगले विज्ञापन प्रकाशन गर्न सक्नेछ।

(४) आयोगले प्रदेश सेवाको रिक्त पदको पदपूर्ति गर्नको लागि वार्षिक कार्यतालिका बमोजिम सामान्यतया वर्षको एकपटक विज्ञापन प्रकाशन गर्नेछ तर प्रदेश सेवाको सहायकस्तरको पदको पदपूर्ति गर्न वर्षको एकपटक भन्दा बढी विज्ञापन प्रकाशन गर्न बाधा पर्ने छैन।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त फाराम बुझाउने म्याद थप गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा आयोगले ऐनको दफा १९ को उपदफा (५) बमोजिमको म्यादभित्रको प्रमाणपत्र पेश गर्ने गरी म्याद थप गर्न सक्नेछ।

(६) ऐनको दफा २५ को उपदफा (१) बमोजिम विज्ञापन रद्द भएमा परीक्षा दस्तुर फिर्ताका लागि निवेदन दिन आयोगले पैंतालिस दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम परीक्षा दस्तुर फिर्ता गर्न आवश्यक पर्ने रकम प्रदेश सरकारले उपलब्ध गराउनु पर्नेछ।"

५. **<u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

"९. **परीक्षा केन्द्र, स्थान र समयः** ऐनको दफा २३ को उपदफा (१) बमोजिम उम्मेदवारको नामावली प्रकाशन भएपछि आयोगले परीक्षा केन्द्र, स्थान र समय निर्धारण गरी आफ्नो वेबसाइटमा प्रकाशन गर्न वा अन्य कुनै सञ्चार माध्यमबाट सार्वजनिक गर्न सक्नेछ।"

६. **मूल नियमावलीको नियम ९क. मा संशोधनः** (१) मूल नियमावलीको नियम ९क. मा रहेको दुई सेट परिमार्जित प्रश्नपत्र पछि रहेको "बनाउने निर्णय गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा " बनाउन सकिनेछ" भन्ने शब्दहरु राखिएको छ।

७. **मूल नियमावलीको नियम ९ख. मा संशोधनः** (१) मूल नियमावलीको नियम ९ख. को उपनियम (२) मा रहेको परिमार्जन शब्द पछि रहेको "र लिखित परीक्षामा प्रयोग भई बाँकी रहेका" भन्ने शब्दहरुको सट्टा "परीक्षामा प्रयोग नभएका" भन्ने शब्दहरु राखिएको छ।

(२) मूल नियमावलीको नियम ९ख. को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) प्रश्नपत्र भण्डारमा मौज्दात रहेका कच्चा प्रश्नपत्र र परिमार्जन गरिएका प्रश्न सेट पछिल्ला परीक्षाहरुमा प्रयोग गर्न सकिनेछ।"

८. **मूल नियमावलीको परिच्छेद ५ मा संशोधनः** (१) मूल नियमावलीको परिच्छेद-५ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

"परिच्छेद-५

**उत्तरपुस्तिकाको ढाँचा, उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था"**

९. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** (१) मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखी सो पछि देहायको नियम १०क. थपिएको छ।

"१०. **<u>उत्तरपुस्तिकाको ढाँचाः</u>** (१) वस्तुगत तथा विषयगत उत्तरपुस्तिकाको आवरण पृष्ठको ढाँचा र उम्मेदवारले पालना गर्नुपर्ने शर्तहरु निर्देशिकामा तोकिए बमोजिम हुनेछ।

(२) उत्तरपुस्तिकाको आकार र पाना संख्या प्रश्नको प्रकृति अनुसार आयोगले समय-समयमा निर्धारण गरे बमोजिम हुनेछ।"

"१०क. **<u>उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्नेः</u>** (१) आयोगबाट लिइने लिखित परीक्षा तथा आयोगले तोकेको अन्य परीक्षा सम्पन्न भएपछि उत्तरपुस्तिकामा पहिलो तथा दोस्रो सङ्केत (कोड) नम्बर राख्नु पर्नेछ ।

(२) उत्तरपुस्तिकामा पहिलो सङ्केत नम्बर राख्ने वा राख्न लगाउने जिम्मेवारी परीक्षा महाशाखा प्रमुखको हुनेछ। यसरी उत्तरपुस्तिकामा पहिलो सङ्केत नम्बर राख्दा उत्तरपुस्तिकाको सङ्ख्याका आधारमा उत्तरपुस्तिका प्राप्त भएको मितिले पन्ध्र दिनभित्र राखी सक्ने गरी सम्बन्धित महाशाखा प्रमुखले अवधि तोकी त्यस्तो सङ्केत नम्बर राख्ने जिम्मेवारी प्रदान गर्नेछ।

(३) उत्तरपुस्तिकामा पहिलो सङ्केत नम्बर राखेपछि आयोगको सचिवले दोस्रो सङ्केत नम्बर राख्न पहिलो सङ्केत नम्बर राख्ने शाखा प्रमुख बाहेकका अन्य शाखा प्रमुखलाई जिम्मेवारी तोक्नु पर्नेछ।

(४) विद्युतीय माध्यमबाट परीक्षण हुने गरी तयार गरिएको उत्तरपुस्तिकामा बारकोडको प्रयोग हुनेछ र यस प्रकारका उत्तरपुस्तिकामा छुट्टै सङ्केत नम्बर राख्न आवश्यक हुने छैन।

(५) उत्तरपुस्तिकामा राखिएको पहिलो सङ्केत नम्बरको अर्धकट्टीको सिलबन्दी पोका आयोगको सचिवको र दोस्रो सङ्केत नम्बरको अर्धकट्टीको सिलबन्दी पोका अध्यक्ष वा निजले तोकेको आयोगको कर्मचारीको जिम्मेवारीमा रहनेछ।

(६) लिखित परीक्षाको नतिजा प्रकाशन गर्न सम्बन्धित शाखाबाट लिखित अनुरोध भएपछि मात्र अर्धकट्टीको सिलबन्दी पोका सम्बन्धित शाखामा उपलब्ध गराउनु पर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्ने सम्बन्धमा आयोगले आवश्यक देखेमा विशेष व्यवस्था गर्न सक्नेछ।"

१०. **मूल नियमावलीको नियम ११ मा संशोधनः** मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखी सो पछि देहायका नियम ११क., ११ख., ११ग., ११घ. र ११ङ. थपिएका छन:-

"११. **उत्तरपुस्तिकाको परीक्षणः** (१) आयोगले तोकेको कार्य विभाजन अनुसार आयोगको पदाधिकारीले मनोनयन गरेको सम्बन्धित विषय विज्ञ वा दक्षबाट आयोगको कार्यालय वा आयोगले तोकेको स्थानमा नै लिखित परीक्षाको उत्तरपुस्तिकाको परीक्षण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उत्तरपुस्तिका परीक्षणको लागि आयोगले आवश्यकता अनुसार परीक्षण सम्बन्धी निर्देशिका, परीक्षण गर्ने तरिका र मूल्याङ्कन गर्ने विधि समेत सम्बन्धित विषय विज्ञ वा दक्षलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम उत्तरपुस्तिका प्राप्त भएपछि सम्बन्धित विषय विज्ञ वा दक्षले उपनियम (२) बमोजिम आयोगबाट उपलब्ध गराएको निर्देशनको अधीनमा रही समयमै त्यस्ता उत्तरपुस्तिका परीक्षण गरी गोप्य रुपमा आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उत्तरपुस्तिका परीक्षण गर्न पठाउने विधि र प्रक्रिया, परीक्षकले ध्यान दिनुपर्ने कुराहरू तथा आयोगको कार्यालय वा आयोगले तोकेको स्थानमा नै उत्तरपुस्तिका परीक्षण गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले स्वीकृत गरेको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

११क. **अप्टिकल मार्क रिडर (ओ.एम.आर.) उत्तरपुस्तिकाको प्रयोग गर्न सकिने:** (१) आयोगले वस्तुगत प्रश्नपत्रबाट सञ्चालन हुने परीक्षाका लागि अप्टिकल मार्क रिडर (ओ.एम.आर.) उत्तरपुस्तिका प्रयोग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ओ.एम.आर. उत्तरपुस्तिका प्रयोग गरी लिइएका वस्तुगत परीक्षाका उत्तरपुस्तिकाको परीक्षण ओ.एम.आर. मेसिन र सोसँग सम्बन्धित सफ्टवेयर प्रयोग गरी गरिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) यस नियम बमोजिम ओ.एम.आर. उत्तरपुस्तिका प्रयोग गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले स्वीकृत गरेको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

११ख. <u>**दोहोरो परीक्षण गराउन सकिने:**</u> (१) नवौं तह र सो भन्दा माथिको पदको परीक्षाको उत्तरपुस्तिका दुई जना दक्ष वा विज्ञबाट दोहोरो परीक्षण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दुई जना दक्ष वा विज्ञबाट परीक्षण गराउँदा पहिलो परीक्षकले आयोगले उपलब्ध गराएको छुट्टै प्राप्ताङ्क तालिकामा र दोस्रो परीक्षकले उत्तर पुस्तिकामा नै प्राप्ताङ्क उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दुई जना दक्ष वा विज्ञबाट परीक्षण गरिएका उत्तरपुस्तिकाको हकमा दुबै परीक्षकद्वारा दिइएको प्राप्ताङ्क जोडी त्यसको औसत निकाली प्राप्ताङ्क गणना गरिनेछ।

(४) उत्तरपुस्तिकाको परीक्षण सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

११ग. <u>**उत्तरपुस्तिका रुजु गर्ने:**</u> (१) नियम ११ वा ११ख. बमोजिम परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिका सम्बन्धित शाखाले रुजु गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उत्तरपुस्तिका रुजु गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले स्वीकृत गरेको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

११घ. <u>**उत्तरपुस्तिकाको सम्परीक्षण तथा पुनः परीक्षण:**</u> ऐनको दफा ३७ को उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट



आन्तरिक मामिला तथा कानून मन्त्रालय

परीक्षण गरिएका उत्तरपुस्तिकाको परीक्षण सम्पन्न भई सकेपछि उच्च अङ्क प्राप्त गर्ने र उत्तीर्णाङ्कको नजिक रहेका सबै "की" का र आवश्यकता अनुसार अन्य उत्तरपुस्तिकाको म्यानुअल सम्परीक्षण गर्नु पर्नेछ। यसरी परीक्षण गर्दा कुनै प्राविधिक त्रुटि रहेको देखिएमा त्यस्ता सबै उत्तरपुस्तिका पुनः परीक्षण गराउनु पर्नेछ।

११ङ. **प्राप्ताङ्कको टेवुलेशन:** उत्तरपुस्तिकाको परीक्षण र रुजु कार्य सम्पन्न भई सकेपछिसबै उत्तरपुस्तिकाको प्राप्ताङ्कको टेवुलेशन सम्बन्धी कार्य सम्पन्न गर्न सोसँग सम्बन्धित सफ्टवेयरको प्रयोग गर्न सकिनेछ।"

११. **मूल नियमावलीको नियम १२ मा संशोधन:** मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ:-

"१२. **लिखित परीक्षाको नतिजा:** (१) ऐनको दफा ३९ बमोजिम आयोगले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा रिक्त पदको अनुपातमा अनुसूची-२ बमोजिमको सङ्ख्यामा वर्णानुक्रम वा रोल नम्बरका आधारमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा अस्थायी योग्यताक्रम सूचीमा समावेश गर्ने प्रयोजनको लागि उत्तीर्णाङ्क प्राप्त गरेका तर सो नतिजामा नाम समावेश हुन नसकेका उम्मेदवार मध्येबाट पद सङ्ख्याको बीस प्रतिशतसम्म (कम्तीमा दुई जना) उम्मेदवारको नाम लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने शाखाले अन्तर्वार्ता तथा सिफारिस शाखामा शिलबन्दी गरी पठाउनु पर्नेछ।

तर,

(१) निर्धारित सङ्ख्या भन्दा कम उम्मेदवार उपलब्ध भएको अवस्थामा सोही अनुसार कम सङ्ख्यामा नाम पठाउन सकिनेछ।

(२) लिखित वा प्रयोगात्मक परीक्षाबाट छनोट भएकै उम्मेदवारबाट अस्थायी योग्यताक्रम सूचीमा समावेश हुने सङ्ख्या पुग्ने अवस्था भएमा सो प्रयोजनको लागि छुट्टै सूची पठाइने छैन।

(३) लिखित परीक्षा पछि प्रयोगात्मक परीक्षा हुने पदको हकमा लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अस्थायी योग्यताक्रम सूची पठाइने छैन।

(३) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा खुला अन्तर्गतको समावेशी समूह र बढुवा अन्तर्गत छुट्टाइएको सबै वा केही पद पूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने भनी सेवा शर्तसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम त्यसरी पूर्ति हुन नसकेका पद एकीन गरी खुला तर्फको पदसंख्यामा जोडी हुन आउने पदसंख्यालाई रिक्त पदसंख्या मान्नु पर्नेछ।"

१२. **मूल नियमावलीको परिच्छेद ६ मा संशोधनः** (१) मूल नियमावलीको परिच्छेद ६ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

"परिच्छेद-६

**सामूहिक छलफल, प्रस्तुतीकरण र अन्तर्वार्ता सम्बन्धी व्यवस्था"**

१३. **<u>मूल नियमावलीको नियम १३ मा संशोधनः</u>** मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ:-

"१३. **<u>सामूहिक छलफल, प्रस्तुतीकरण, अन्य चरणको परीक्षा र अन्तर्वार्तामा समावेश गराइनेः</u>** (१) ऐनको दफा ३९ को उपदफा (१) तथा नियम १२ बमोजिम प्रकाशित नतिजामा नाम समावेश भएका उम्मेदवारलाई मात्र सीप परीक्षण, सामूहिक छलफल, प्रस्तुतीकरण वा आयोगले तोकेको अन्य विभिन्न चरणको परीक्षा र अन्तर्वार्तामा समावेश गराइनेछ।

(२) लिखित परीक्षाको साथै प्रयोगात्मक परीक्षा समेत हुने भएमा लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारलाई मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा समावेश गराइनेछ।

(३) सीप परीक्षण, सामूहिक छलफल, प्रस्तुतीकरण र अन्य चरण सम्बन्धी व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।"

१४. **<u>मूल नियमावलीको नियम १४ मा संशोधनः</u>** मूल नियमावलीको नियम १४ को उपनियम (४) झिकी देहायको उपनियम (४) र (५) राखिएका छन्:-

"(४) ऐनको दफा ४१ को उपदफा (३) बमोजिम अन्तर्वार्ता समितिमा विषय विज्ञ तोक्दा सम्बन्धित क्षेत्रको विषयमा कम्तीमा स्नातकोत्तर गरेको विषय विज्ञलाई तोक्नु पर्नेछ।

तर, विषय विज्ञ उपलब्ध हुन नसकेमा आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) अन्तर्वार्ता समिति गठन सम्बन्धी अन्य व्यवस्था आयोगले स्वीकृत गरेको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।"

१५. **मूल नियमावलीको परिच्छेद ७ मा संशोधनः** (१) मूल नियमावलीको परिच्छेद ७ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

**"परिच्छेद-७**

**परामर्श सम्बन्धी व्यवस्था"**

१६. **मूल नियमावलीको नियम २० मा संशोधनः** मूल नियमावलीको नियम २० को सट्टा देहायको नियम २० राखि नियम २०क. र २०ख. थपिएका छः-

"२०. **सामान्य सिद्धान्तको विषयमा परामर्श सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सेवाको पदमा शुरु नियुक्ति वा बढुवा नियुक्ति गर्दा र त्यस्तो सेवाका कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिँदा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय मार्फत माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परामर्श माग गर्दा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायको राय सहितको सिफारिस र निर्णय समेत संलग्न गर्नु पर्नेछ।

(३) प्रदेश प्रहरी, प्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय सहित माग गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपनियम (३) बमोजिम परामर्श माग गर्दा सम्बन्धित मन्त्रालय र सम्बन्धित निकायको रायसमेत संलग्न गर्नु पर्नेछ।

(५) कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा त्यस्तो संस्थाले आयोगसँग परामर्श माग गर्नु पर्नेछ।

(६) आयोगको परामर्श माग गर्दा देहायका विवरण संलग्न गरी माग गर्नु पर्नेछः-

(क) सम्बन्धित संस्था स्थापना गर्ने कानूनी व्यवस्था,

(ख) सम्बन्धित संस्थाको स्वीकृत नियमावली वा विनियमावलीहरू,

(ग) परामर्श माग गर्नु पर्ने कारण र सोको पुष्ट्याँई,

(घ) परामर्श माग गर्ने सम्बन्धित संस्थाको निर्णयको प्रतिलिपि,

(ङ) सम्बन्धित मन्त्रालयको कम्तीमा सचिवस्तरीय निर्णय सहितको राय सिफारिस, र

(च) अन्य प्रासङ्गिक विषयहरू।

(७) सामान्य सिद्धान्त सम्बन्धी परामर्श माग गर्ने तथा आयोगले परामर्श प्रदान गर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(८) कुनै सङ्गठित संस्थाको सेवाको शर्त सम्बन्धी कानूनमा संशोधन गर्नु पर्ने विषयमा परामर्श माग गर्दा विद्यमान व्यवस्था, प्रस्तावित संशोधन र सोको कारण सहितको तीन महले ढाँचाको विवरण समेत संलग्न हुनु पर्नेछ।

२०क. **सामान्य सिद्धान्त निर्धारण:** (१) प्रदेश प्रहरी वा प्रदेश अन्य सरकारी सेवाको पदमा बढुवा गर्दा वा सङ्गठित संस्थाको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने विषयमा आयोगले सामान्य सिद्धान्त निर्धारण गरी लागू गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सामान्य सिद्धान्त निर्धारण गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२०ख. **आयोगले परामर्श दिने:** (१) यस परिच्छेद बमोजिमको प्रक्रिया पूरा गरी परामर्श माग गरेकोमा आयोगले ऐनको दफा ५७ बमोजिम परामर्श दिनेछ।

(२) यस परिच्छेद बमोजिमको प्रक्रिया पूरा गरी परामर्श माग गरेको नदेखिएमा आयोगले सो व्यहोरा खुलाई प्रक्रिया पूरा गर्न लेखी पठाउन सक्नेछ।"

१७. **मूल नियमावलीको नियम २१ मा संशोधन:** मूल नियमावलीको नियम २१ को उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ:-

"(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १८ बमोजिम पद सङ्ख्या निर्धारण भई



आन्तरिक मामिला तथा कानून मन्त्रालय

पदपूर्तिको लागि विज्ञापन प्रकाशन भएपछि अदालतको आदेश वा अन्य कुनै कारणले पदपूर्ति प्रक्रिया स्थगित भएकोमा सो फुकुवा वा सुचारु भएपछि सेवाशर्त सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ।"

१८. **मूल नियमावलीको नियम २२ मा थप:** मूल नियमावलीको नियम २२ पछि देहायको नियम २२क. थपिएको छ:-

"२२क. **पदपूर्ति सम्बन्धी विशेष व्यवस्था:** (१) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ प्रारम्भ हुनु भन्दा अघि लोक सेवा आयोग वा आयोगबाट पदसङ्ख्या निर्धारण भई बढुवातर्फ कायम भएका पदको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पदसङ्ख्या एकिन भईसकेपछि आयोगले पदसङ्ख्या निर्धारण भए अनुसारको बढुवाद्वारा पदपूर्ति गर्ने प्रयोजनका लागि विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सङ्कलन भएका बढुवाको दरखास्त फाराम बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (१) र (२) बाहेक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको हकमा आयोगबाट पदपूर्ति सम्बन्धी कार्यक्रम सञ्चालन गरी सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ।"

१९. **मूल नियमावलीको नियम ३३क.मा थप:** मूल नियमावलीको नियम ३३क. पछि देहायको नियम ३३ख. थपिएको छ:-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

"३३ख. **सहयोगी लेखक सम्बन्धी व्यवस्था:** सहयोगी लेखक सम्बन्धी व्यवस्था आयोगले स्वीकृत गरेको निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।"

२०. **मूल नियमावलीको अनुसूची-२ मा संशोधन:** मूल नियमावलीको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ ।

**"अनुसूची-२**

(नियम १२ सँग सम्बन्धित)

**लिखित तथा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दाको संख्या**

१.लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा माग भएको रिक्त पदसंख्यामा देहाय बमोजिम उत्तीर्ण उम्मेदवारहरू थप गर्नु पर्नेछः-

| क्र.सं. | माग भएको रिक्त पदसंख्या | थप हुने संख्या | कायम हुने उम्मेदवार संख्या |
|---|---|---|---|
| १ | १ देखि ५ सम्म भएमा | २ | ३ देखि ७ सम्म |
| २ | ६ देखि १० सम्म भएमा | ३ | ९ देखि १३ सम्म |
| ३ | ११ देखि १५सम्म भएमा | ४ | १५ देखि १९सम्म |
| ४ | १६ देखि २० सम्म भएमा | ५ | २१ देखि २५ सम्म |
| ५ | २१ देखि २५सम्म भएमा | ६ | २७ देखि ३१ सम्म |
| ६ | २६ देखि ३० सम्म भएमा | ७ | ३३ देखि ३७ सम्म |
| ७ | ३१ देखि ३५ सम्म भएमा | ८ | ३९ देखि ४३ सम्म |
| ८ | ३६ देखि ४० सम्म भएमा | ९ | ४५ देखि ४९ सम्म |
| ९ | ४१ र सो माथि जतिसुकै भएमा २० प्रतिशत | | |

२. एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनमध्ये समान शैक्षिक योग्यता भएको परीक्षाको हकमा प्रकरण १ बमोजिम कायम हुने उम्मेदवारको संख्यामा दश प्रतिशत थप गरी उम्मेदवार संख्या कायम गरिने छ भने न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको परीक्षाको हकमा प्रकरण १ बमोजिम कायम हुने उम्मेदवार संख्या त्यसरी छुट्टा-छुट्टै न्यूनतम शैक्षिक योग्यता

भएका सेवा वा समूह वा उपसमूहका लागि समेत पुगे नपुगेको हिसाब गरी सो संख्या नपुगुञ्जेल सम्मको प्राप्ताङ्क ल्याउने सबै उम्मेदवारको नाम समेत समावेश गरी नतिजा प्रकाशन गर्नुपर्नेछ।

<u>स्पष्टीकरण</u>ः यस नियमावलीको अनुसूचीको प्रयोजनका लागि “एकिकृत परीक्षा प्रणाली” भन्नाले एउटै तहका विभिन्न सेवा वा समूह वा उपसमूहमा रहेका विभिन्न पदहरुका लागि सञ्चालन हुने परीक्षा मध्ये सबै वा केही विषयमा एउटै परीक्षाको माध्यमबाट सञ्चालन गर्ने परीक्षा प्रणाली सम्झनुपर्छ।

३. प्रयोगात्मक परीक्षा हुने प्राविधिक पदमा लिखित परीक्षाबाट प्रयोगात्मक परीक्षाको लागि छनौट गर्दा रिक्त माग पदसंख्या एकदेखि पाँचसम्म भएमा थप पाँच जना उम्मेदवारको नाम समावेश गर्नुपर्नेछ। माग भएको रिक्त पदसंख्या छ वा सोभन्दा बढी भएमा माग भएको पद संख्याको दोब्बर संख्यामा उम्मेदवारको नाम समावेश गरी नतिजा प्रकाशन गर्नुपर्नेछ।

४. समानस्तरका विभिन्न पदको लागि एउटै समयमा भएको भिन्दाभिन्दै विज्ञापन बमोजिमको लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा अन्य पदको नतिजामा नाम समावेश भएकामध्ये जति जना उम्मेदवारको नाम त्यसपछि प्रकाशन हुने पदको नतिजामा समावेश भएको छ त्यतिकै संख्यामा थप उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नुपर्नेछ।

५. प्रकरण २ र ३ बमोजिम नतिजा प्रकाशन गर्दा अन्तिम प्राप्ताङ्क समान भएका उम्मेदवार एकभन्दा बढी भएमा त्यस्ता सबै उम्मेदवारको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नुपर्नेछ।

६. प्रकरण २ र ३ बमोजिम नतिजाको लागि सङ्ख्या निर्धारण गर्दा एकभन्दा कम दशमलवमा हिसाब आएमा चानचुनको लागि पूर्ण अङ्क एक मान्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

७. प्रकरण १, २ वा ३ बमोजिम नतिजा प्रकाशन गर्दा कुनै कठिनाई आईपरेमा आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ।

८. सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको माथिल्लो श्रेणी/तह वा समान श्रेणी/तहको पदमा पहिले नै नियुक्तिको लागि सिफारिस भैसकेको उम्मेदवारको नाम सम्बन्धित पदको विज्ञापनको लिखित परीक्षाको नतिजामा समावेश गरिने छैन र समावेश नभएको संख्या बराबर अन्य उम्मेदवारहरूको नाम समावेश गरी नतिजा प्रकाशन गर्नुपर्नेछ।"

२१. **<u>मूल नियमावलीको अनुसूची-५ मा संशोधन</u>:** मूल नियमावलीको अनुसूची-५ को सट्टा देहायको अनुसूची-५ राखिएको छ।

**"अनुसूची-५**

(नियम १७ सँग सम्बन्धित)

**<u>वैकल्पिक उम्मेदवारको संख्या</u>**

१. उम्मेदवारको नियुक्तिको लागि योग्यताक्रम सूची प्रकाशन गर्दा देहायबमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार समावेश गरी सूची प्रकाशन गर्नुपर्नेछ।

| क्र.सं. | माग भएको रिक्त पदसंख्या | वैकल्पिक उम्मेदवारको संख्या |
|---|---|---|
| (१) | १ देखि ३ सम्म भएमा | १ |
| (२) | ४ देखि ८ सम्म भएमा | २ |
| (३) | ९ देखि १५ सम्म भएमा | ३ |
| (४) | १६ देखि २० सम्म भएमा | ४ |
| (५) | २१ र सोभन्दा माथि जतिसुकै भएपनि | २० प्रतिशत |

२. एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनको हकमा उम्मेदवारले उल्लेख गरेको प्राथमिकताक्रमको आधारमा सिफारिसको योग्यताक्रममा नपरेका सबै उम्मेदवार समावेश हुने गरी वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ।

३. खण्ड (१) बमोजिम वैकल्पिक उम्मेदवारको सूची तयार गर्दा एकभन्दा बढी उम्मेदवारको अन्तिम प्राप्ताङ्क समान भएमा ऐनको दफा ४६ को उपदफा (२) र (३) बमोजिम योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्नुपर्नेछ।"

निर्णय भएको मितिः २०८१/११/१३

आज्ञाले,
पदम बहादुर बुढा
प्रदेश लोक सेवा आयोगको निमित्त सचिव

---

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय